श्री

सर्वोच्च अदालत

**एक न्यायाधीशको इजलास**

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

**आदेश**

०७४-WO-०६६५

**विषयः उत्प्रेषण, परमादेश लगायत जो चाहिने आदेश जारी गरिपाउँ।**

विष्णुप्रसाद सुवेदीका छोरा मकवानपुर जिल्ला थाहा नगरपालिका वडा नं.६ बस्ने अधिवक्ता हेममणि सुवेदी ........................................................................................१

भागिरथ शर्माका छोरा काठमाडौं जिल्ला टोखा नगरपालिका वडा नं. ११ बस्ने अधिवक्ता नारायण खरेल................................................................................................२

} निवेदक

**विरुद्ध**

सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारी, राष्ट्रपतिको कार्यालय सितलनिवास काठमाडौं........१

सम्माननीय प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय सिंहदरबार काठमाडौं.........................................................................................................२

सम्माननीय सभामुख, सभामुखको कार्यालय सिंहदरबार काठमाडौं...............................३

सम्माननीय अध्यक्ष, राष्ट्रियसभाको कार्यालय सिंहदरबार काठमाडौं............................४

श्री गोपाल पराजुली, पूर्व प्रधानन्यायाधीश, बुढानिलकण्ठ नगरपालिका वडा नं.६ सरस्वतीनगर काठमाडौं.........................................................................................................५

माननीय प्रतिनिधि सभाकाको विपक्षी दलका नेता, विपक्षी दलको कार्यालय सिंहदरबार काठमाडौं.........................................................................................................६

न्यायपरिषद् सचिवालय, रामशाहपथ काठमाडौं...........................................................७

} विपक्षी

नेपालको संविधानको धारा १३३(२) र (३) अन्तर्गत यस अदालतको क्षेत्राधिकार अन्तर्गतको भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छः

१. सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले मिति २०७४।११।३० मा राष्ट्रपति पदमा तत्कालीन प्रधान न्यायाधीशबाट सपथ लिनुभयो। उमेरको हद सम्बन्धमा सार्वजनिक रूपमा विवाद भई मिति २०७४।११।३० मा विपक्षी पूर्व प्रधान न्यायाधीश श्री गोपाल पराजुलीलाई न्याय परिषद् सचिवालयले ६५(पैसट्ठी) वर्षको उमेर मिति २०७४।४।२१ मा नै पुरा भइसकेकोले मिति २०७४।११।३० को सचिव स्तरीय निर्णयानुसार सम्माननीय महोदय पदमा नरहनुभएको जानकारी गराउनु भएको थियो। यसरी २०७४।४।२१ मै अवकाश प्राप्त अधिकार नै नभएको व्यक्तिले सपथ गराएको विषयले हामी नागरिकहरूको शीर निहुरिने अवस्था आएको छ। यस्तो संविधान विपरीत कार्यबाट राष्ट्रपतिको नियुक्ति र सपथ हुन नसक्ने हुँदा मिति २०७४।११।३० मा सम्माननीय राष्ट्रपतिले बहालवाला प्रधानन्यायाधीशबाट सपथ नलिई पदावधि समाप्त भइसकेको पूर्व प्रधान न्यायाधीश विपक्षी नं. ५ बाट लिनुभएको सपथ संविधान विपरीत छ। विपक्षी नं. ५ ले मिति २०७४।१२।१ मा विपक्षी नं. १ सम्माननीय राष्ट्रपतिसमक्ष प्रधान न्यायाधीशको पदबाट राजिनामा दिनुभयो। न्याय परिषद्ले पदावधि समाप्त भएको जानकारी दिएको अवगत हुँदाहुँदै विपक्षी नं. ५ ले राजिनामा दिने र विपक्षी नं. १ ले उक्त राजिनामा ग्रहण गर्ने कार्य संविधान विपरीत छ। विपक्षी नं. ५ ले राजिनामा दिनुपूर्व नै सम्मानित सर्वोच्च अदालतमा वरिष्ठतम माननीय न्यायाधीश श्री दिपकराज जोशी कायम मुकायम प्रधान न्यायधीश भई पेशी समेत तोक्नुभएको हुँदा विपक्षी नं. ५ मिति २०७४।४।२१ मै अवकास प्राप्त भइसक्नु भएको पुष्टि हुन आएको छ। अतः विपक्षी नं. १ सम्माननीय राष्ट्रपतिले विपक्षी नं. ५ पूर्व प्रधान न्यायाधीश गोपाल पराजुलीबाट मिति २०७४।११।३० मा लिएको सपथ गैरकानूनी भएकोले उक्त सपथ र विपक्षी नं. ५ पूर्व प्रधान न्यायाधीश गोपाल पराजुलीले दिनुभएको राजिनामा विपक्षी नं. १ सम्माननीय राष्ट्रपतिज्यूबाट ग्रहण गरेको कार्य उत्प्रेषणको आदेशले बदर गरी बहालवाला प्रधान न्यायाधीशबाट पुनः सपथ लिनु भनी विपक्षी नं. १

सम्माननीय राष्ट्रपतिउपर परमादेशको आदेश जारी गरी पाऊँ। त्यसैगरी विपक्षी नं. २, ३, ४, ६, ७ हरू नेपालको संविधानको धारा १८४ बमोजिमको संवैधानिक परिषद्को अध्यक्ष तथा सदस्य हुनुभएको र प्रधान न्यायाधीशको उमेर ६५ वर्ष पुरा भएपछि अर्को प्रधान न्यायाधीशको नियुक्ति गर्नुपर्नेमा सो नगरी न्यायपालिकाको साख र गरिमामा धक्का आउने कार्य भएको हुँदा तुरून्त प्रधान न्यायधीशको नियुक्तिको प्रक्रिया अघि बढाउनु भनी विपक्षी नं. २, ३, ४, ६, ७ को नाममा परमादेशको आदेश जारी गरी पाउँ। विपक्षी न्याय परिषद्को कारणले हाल लामो समयसम्म नेपालराज्यमा प्रधान न्यायाधीश विहिनताको अवस्था सृजना भएकोले संविधान तथा कानूनले निर्धारण गरेको काम र कर्तव्यको मोलाहिजा विना पालन गर्नु भनी विपक्षी नं. ८ न्याय परिषद्को नाउँमा परमादेशको आदेश जारी गरी पाउँ। साथै प्रधानन्यायाधीशबाट संवैधानिक तवरले सपथ नलिई राष्ट्रपतिको हैसियतले कुनै पनि कार्य नगर्नु भनी विपक्षी नं. १ का नाउँमा सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९(१) बमोजिम अन्तरिम आदेश समेत जारी गरी पाउँ भन्ने समेत व्यहोराको **निवेदन मागदावी।**

२. नियमबमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत निवेदनमा निवेदकको तर्फबाट विद्वान् अधिवक्ताहरू श्री हेममणि सुवेदी, श्री नारायण खरेल र श्री हरिचन्द्र भट्टराइले राष्ट्रपति विद्यादेवी भण्डारीले मिति २०७४।११।३० मा पूर्व प्रधान न्यायाधीश गोपाल पराजुलीबाट लिएको सपथ गैरकानूनी र गैर संवैधानिक छ। यस्तो सपथ वदर योग्य (Voidable) मात्र नभएर शून्य (Void) प्रकृतिको हुन्छ। हानी नोक्सानीको सिद्धान्त (Principle of injury and loss) को आधारमा प्रधान न्यायाधीशबाट संवैधानिक तवरले सपथ नलिई नयाँ राष्ट्रपतिको हैसियतले कुनै पनि कार्य नगर्नु भनी विपक्षी राष्ट्रपतिको नाउँमा अन्तरिम आदेश समेत जारी हुनुपर्छ। प्रस्तुत निवेदनको संवेदनशीलतालाई मध्यनजर गर्दै अग्राधिकार समेत दिलाइ पाऊ भन्ने समेत बहस जिकीर प्रस्तुत गर्नुभयो।

३. त्यसैगरी इजलासको अनुमति लिई विपक्षी/सरोकारवालको तर्फबाट विद्वान् सहन्यायाधिवक्ता श्री संजिव रेग्मीले राष्ट्रपतिले सपथ लिइसकेपछि भएका काम कारवाहीहरूलाई Judicially Manage गर्न सकिने अवस्था छैन। राष्ट्रपतिले सपथ ग्रहण गर्दा सम्म तत्कालीन प्रधान न्यायाधीशले

अवकाश प्राप्त गरेको जानकारी प्राप्त गर्नुभएको थिएन। सपथ ग्रहणको कार्यक्रम समाप्त भएपश्चात मात्रै राष्ट्रपति कार्यालयलाई न्याय परिषद सचिवालयको पूर्व प्रधान न्यायाधीश गोपाल पराजुलीले अवकास प्राप्त सम्बन्धी पत्र प्राप्त भएको हो। पहिले गरिसकेको कामको मान्यता समेतको आधारमा उक्त सपथ ग्रहणले मान्यता पाउने नै हुन्छ। अतः राष्ट्रपतिको सपथ ग्रहण संविधान अनुकूल रहेकोले विपक्षीहरूको नाउँमा कारण देखाउ आदेश जारी गरिरहनु गर्नु पर्ने अवस्था नरही प्रस्तुत रिट निवेदन प्रथम दृष्टि मै खारेजभागी छ। रिट निवेदन खारेज होस भन्ने समेत बहस जिकीर प्रस्तुत गर्नुभयो।

४. उपरोक्तानुसारको बहस जिकीर सुनी निर्णयतर्फ विचार गर्दा निवेदन माग बमोजिमको आदेश जारी हुने हो वा हैन भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखियो।

५. यसमा प्रधान न्यायाधीश श्री गोपाल पराजुली न्याय परिषद्को सचिवको पत्रबाट ६५ वर्ष उमेर पुरा भई मिति २०७४।४।२१ देखि पदमुक्त हुनु भएको भनी तत्कालीन प्रधान न्यायाधीश श्री गोपाल पराजुलीलाई मिति २०७४।११।३० मा जानकारी गराएको अवस्थामा पदमुक्त हुनु भएकोले निजले मिति २०७४।११।३० मा सम्माननीय राष्ट्रपतिलाई सपथ ग्रहण गराउनु भएको कार्य संविधान विपरीत रहेकोले बदर गरी बहालवाला सम्माननीय प्रधान न्यायाधीशबाट पुनः सपथ ग्रहण गर्नु भनी विपक्षीहरूको नाऊँमा आदेश गरी पाउँ भन्ने मुख्य निवेदन जिकीर रहेको पाइयो। साथै रिक्त प्रधान न्यायाधीशको पद यथासिघ्र पूर्ति गर्न परमादेश जारी गरी उमेरको हदले अवकाश प्राप्त भएपश्चात पूर्व प्रधान न्यायाधीश गोपाल पराजुलीले प्रधान न्यायाधीशको पदबाट दिएको एवं सम्माननीय राष्ट्रपतीले ग्रहण गरेको राजिनामा संविधान विपरीत रहेकोले बदर गरिपाऊँ भन्ने समेत निवेदन जिकीर रहेको देखिन्छ।

६. सर्वप्रथम रिक्त प्रधानन्यायाधीशको पदमा यथासिघ्र नियुक्ति प्रक्रिया अगाडि बढाउन आदेश जारी गरिपाउँ भन्ने निवेदन जिकीरको सम्बन्धमा विचार गर्दा नेपालको संविधान, धारा १२९ को उपधारा (२) मा "***संवैधानिक परिषदको सिफारिसमा प्रधान न्यायाधीशको र न्याय परिषदको सिफारिसमा सर्वोच्च अदालतका अन्य न्यायाधीशको नियुक्ति राष्ट्रपतिबाट हुनेछ*** " भन्ने व्यवस्था रहेकोले रिक्त प्रधान न्यायाधीशको पद पूर्तिको सिफारिस गर्ने संवैधानिक परिषद समेतका

निकायहरूबाट सो सम्बन्धी कार्य संविधान तथा कानून बमोजिमं हुने नै हुँदा सो सम्बन्धमा बोलिरहनु पर्ने अवस्था देखिएन।

७. दोस्रो उमेरको हदले अवकाश प्राप्त भएपश्चात पूर्व प्रधान न्यायाधीश गोपाल पराजुलीले प्रधान न्यायाधीशको पदबाट दिएको एवं सम्माननीय राष्ट्रपतीले ग्रहण गरेको मिति २०७४।१२।१ को राजिनामा संविधान विपरीत रहेकोले बदर गरिपाउँ भन्ने रिट निवेदकको जिकीरको सम्बन्धमा विचार गर्दा न्यायाधीशहरुको वैयक्तिक विवरण तथा अभिलेख राख्ने आधिकारिक निकाय न्याय परिषद रहेको र उक्त न्यायपरिषद सचिवालयबाट आफ्नो अद्यावधिक अभिलेख हेरी न्याय परिषदका सचिवले पूर्व प्रधान न्यायाधीश श्री गोपाल पराजुली न्यायपरिषद् ऐन, २०७३ को दफा ३१ को उपदफा (७) को आधारमा मिति २०७४।४।२१ मा नै पैंसठी बर्ष उमेर पूरा भएको देखिएको भनी मिति २०७४।११।३० मा जानकारी गराइसकेको भन्ने देखिन्छ। उक्त व्यहोरा खण्डित भएको वा अन्यथा भएको पत्रबाट देखिन्न। सो आधारमा रिक्त भएको प्रधान न्यायाधीशको पदमा नेपालको संविधानको धारा १२९ को उपधारा (६) बमोजिम सर्वोच्च अदालतका बरिष्ठतम् न्यायाधीशमा माननीय दीपकराज जोशीबाट मिति २०७४।१२।०१ गतेको प्रारम्भदेखि नै कायममुकायम प्रधानन्यायाधीशको हैसियत ग्रहण गरी प्रधानन्यायाधीशले गर्ने कार्य गर्न प्रारम्भ गरेको र सर्वोच्च अदालतमा मुद्दाको दैनिक पेशी सूची तोकी सोही हैसियतबाट कामकारवाही भएको अवस्था देखिन्छ। उपरोक्त बमोजिम माननिय न्यायाधीश दीपकराज जोशीले कायम मुकायम प्रधानन्यायाधीशको हैसियतले कार्यभार ग्रहण गरेकोमा तत्कालीन प्रधान न्यायाधीश गोपाल पराजुली वा अन्य कसैबाट कुनै प्रश्न उठाएको पाइन्न। यसबाट न्यायपरिषद सचिवालयको मिति २०७४।११।३० को पत्र पश्चात प्रधान न्यायाधीश को स्थितिमा परिवर्तन भएको देखिन्छ।

८. प्रस्तुत निवेदनमा न्याय परिषद सचिवको पत्रबाट ६५ वर्ष उमेर पुरा भई मिति २०७४।४।२१ देखि पदमुक्त हुनु भएको भनी तत्कालीन प्रधान न्यायाधीश श्री गोपाल पराजुलीलाई मिति २०७४।११।३० मा जानकारी गराएको अवस्थामा पदमुक्त हुनु भएकोले निजले मिति २०७४।११।३० मा सम्माननीय राष्ट्रपतिलाई सपथ ग्रहण गराएको संविधान

विपरीत छ वा छैन भन्ने विषय प्रस्तुत निवेदनको मुख्य निर्णायक विषय रहेको देखिन्छ। शपथ सम्बन्धी यस शिलशिलामा सर्वप्रथम राष्ट्रपति सम्बन्धी व्यवस्था हेर्नुपर्ने देखियो।

९. नेपालको संविधानको धारा ६१ मा नेपालमा एक राष्ट्रपति रहने व्यवस्था छ। संविधान बमोजिम निर्वाचित राष्ट्रपतिले आफ्नो कार्यभार सम्हाल्नु अघि प्रधान न्यायाधीशसमक्ष पद तथा गोपनीयताको सपथ लिनुपर्ने भन्ने व्यवस्था राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ को दफा १५ मा रहेको छ। उक्त संवैधानिक एवं कानून व्यवस्था समेतको आधारमा बहालवाला प्रधान न्यायाधीशसमक्ष राष्ट्रपतिले पद तथा गोपनीयताको सपथ ग्रहण गर्नु पर्नेमा कुनै विवाद देखिंदैन। यसै अनुसार २०७४।११।३० को दिनको अपरान्ह ४ बजे राष्ट्रपतिले तत्कालीन प्रधान न्यायाधीश गोपाल पराजुलीबाट गोपनीयताको सपथ ग्रहण गर्नुभएको देखिन्छ। तर सोही दिन तत्कालीन प्रधान न्यायाधीश श्री गोपाल पराजुलीलाई मिति २०७४।११।३० मा न्याय परिषद्को सचिवको पत्रबाट ६५ वर्ष उमेर पुरा भई मिति २०७४।४।२१ देखि पदमुक्त हुनु भएको जानकारी गराएको हुँदा पदमुक्त भएको जानकारी पाईसकेपछि सपथग्रहण भएको हो वा होइन भन्ने प्रश्न उठेको देखिन्छ। उपरोक्त पत्र तत्कालीन प्रधान न्यायाधीशलाई बुझाई सकेपछि वा सो अघिनै शपथ ग्रहण भएको हो भन्ने प्रश्नलाई पहिले विचार गर्नुपर्ने भयो।

१०. निवेदकले आफ्नो जिकीर पुष्टि गर्नको लागि विपक्षी न्यायपरिषदले लेखेको भनेको अवकाश सम्बन्धी पत्र यथार्थमा राष्ट्रपतिको कार्यालय तथा तत्कालीन प्रधानन्यायाधीशलाइ २०७४।११।३० को कुन समयमा बुझाएको हो, सो समय एकिन गरी खुलाउन र त्यसको भरपर्दो आधार पेश गर्न सक्नुपर्ने हुन्छ तर अवकाशको पत्र तत्कालीन प्रधान न्यायाधीश गोपाल पराजुलीले सपथ अघि बुझेको भनी खास समय किटान गर्ने वा सोको प्रमाण दिन सकेको छैन भने राष्ट्रपतिको कार्यालयले पनि अवकाशको पत्रको जानकारी प्राप्त गरेको समय सप्रमाण खुलाउन सकेको छैन। राष्ट्रपतिलाई शपथ गराउने प्रधान न्यायाधीशलाई त्यसको जानकारी हुदा हुदै फेरी पनि त्यस्तो प्रधान न्यायाधीशबाट शपथ ग्रहण गरेको देखाउन निवेदकले सकेको देखिंदैन। उक्त अवकाशको पत्र राष्ट्रपतिको कार्यालय, संवैधानिक परिषद, नेपाल सरकार

लगायतका विपक्षीहरुले प्राप्त गरिसकेपछि सो पत्रलाई अनदेखा (Over look) गर्दै अवकाश प्राप्त प्रधानन्यायाधीशले पत्र प्राप्त गरी थाहा पाई निजबाट शपथ लिएको वा दिलाएको भनी निवेदकले पुष्टि गर्न सकेको देखिंदैन। अर्कोतिर अनुमति लिई सरोकारवालाको तर्फबाट उपस्थित सहन्यायाधिवक्ता संजिव रेग्मीले राष्ट्रपतिलाई शपथ ग्रहण गराउनु अघि प्रधान न्यायाधीशले अवकाश प्राप्त गरेको जानकारी राष्ट्रपति कार्यालयलाई नरहेको भन्ने बहसमा जिकीर लिनुभएको देखिन्छ।

११. तत्कालीन प्रधान न्यायाधिशले राष्ट्रपतिलाई संविधान बमोजिम शपथ दिलाउनु अघि आफूले अवकाश सम्बन्धी पत्र न्यायपरिषद सचिवालयबाट प्राप्त गरेको भनी शपथ दिलाउनको लागि कठिनाई रहेको भनी जानकारी दिएको पनि देखिन्न। राष्ट्रपतिले संविधान बमोजिम शपथ ग्रहण गर्नु संवैधानिक कर्तव्य भएको र जसबाट शपथ ग्रहण गर्नुपर्ने हो अर्थात प्रधान न्यायाधीशले आफ्नो पदाधिकार वा संवैधानिक हैसियत बारे कुनै संवैधानिक समस्या भएको जानकारी निजबाट वा अन्य कतैबाट तत्काल नपाएको अवस्थामा शपथ सम्बन्धी कार्यको बारेमा अनावश्यक परिकल्पना गर्ने कुरा पनि आउदैन। त्यसैले कानूनको स्वभाविक प्रकृया अनुरुप शपथ ग्रहणको कार्यक्रम आयोजना भई तत्काल अवकासको पत्र पइसकेको भन्ने नदेखिएको तथा राष्ट्रपतिलाई अन्यथा जानकारी पनि नभएको अवस्थामा शपथ ग्रहण गरेको तथा शपथ दिलाएको कुरालाई गैरकानूनी भन्न मिल्दैन।

१२. एकातिर अवकाशको मिति २०७४।०४।२१ कायम गरेको अर्कोतिर २०७४।११।३० मा मात्र पदमा नरहेको जानकारी दिएको आधारमा मात्र अवकाश मिति सर्ने हो कि भन्नलाई त्यस्तो तर्क गर्न पनि मिल्ने देखिंदैन। २०७४।४।२१ पछि पनि गोपाल पराजुलीले न्यायपालिकाको नेतृत्व कायम राखेको कारणले उक्त मिति पश्चात पनि कतिपय गम्भीर र महत्वपूर्ण निर्णयहरु (चाहे त्यो न्यायिक निर्णय होस वा प्रशासनिक निर्णयहरु नै हुन्) लिइनै रहनु भएको पाइन्छ। यस्तै कार्यहरु अन्तर्गत तत्कालीन प्रधानन्यायाधीशले राष्ट्रपतिको शपथ गराउने जिम्मेवारी पनि बहन गर्नु भएको देखिन्छ।

१३. अब प्रधानन्यायधीशको अवकाशको पत्र र राष्ट्रपतिको शपथ सोही दिन भएको र शपथ अघि अवकाशको पत्र प्रधानन्यायाधीश वा राष्ट्रपतिले प्राप्त गरेको प्रमाणित नभएको अवस्थामा भइसकेको कामलाई कानून बमोजिम भएको मान्नु पर्दछ। अन्यथा अत्यन्त अन्योल र अव्यवस्थाको स्थिति सिर्जना हुन सक्दछ। नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ ले खारेज भएको ऐन अन्तर्गत गरेको काम, सुविधा, कर्तव्य र दायित्वमा असर नपर्ने तथा सोही ऐनको दफा १४ ले दिएको अधिकारलाई अधिकार प्राप्त व्यक्तिले प्रयोग गर्न पाउने व्यवस्था समेत रहेको सन्दर्भमा मिति २०७४।११।३० सम्म प्रधान न्यायाधीशको हैसियतमा प्रश्न नउठेको बेलामा सो हैसियतमा भए गरेको कुरालाई पछिबाट अन्यथा भन्न मिल्दैन। प्रस्तुत सन्दर्भमा यस अदालतबाट भएका विभिन्न फैसला एवं आदेशहरूको अबलोकन गर्दा कुनै पदमा नियुक्त पदाधिकारीले काम गर्दा बैध देखिएकोमा पछिबाट कुनै कारणले अयोग्य ठहरेमा निजले गरेका कामकारवाहीलाई सामान्यतः बदर घोषित नगरी मान्यता दिने गरेको न्यायिक अभ्यास रहेको देखिन्छ।

१४. प्रस्तुत निवेदनको जस्तै प्रश्न समावेश भएको अधिवक्ता **ओमप्रकाश अर्याल विरूद्ध सम्माननीय राष्ट्रपतिको कार्यालय समेत भएको उत्प्रेषण परमादेश (नेकाप २०७३, अंक ११, नि. नं. ९७१०)** को निवेदनमा कुनै पदमा नियुक्त पदाधिकारी कुनै कारणले अयोग्य ठहरेमा पदमा बहालको अवधिमा निजले गरेको कामकारबाहीलाई अमान्य घोषित गरिएको पाइएन। प्रष्ट रूपमा अमान्य एवं बदर घोषित नगरेको काम कारवाहीले मान्यता पाउने नै देखिन आयो।

१५. गरी सकिएको र भइसकेको काम बैध हुने सम्बन्धमा Factum Valet को सिद्धान्तको उल्लेख गर्नु सान्दर्भिक देखियो। जुन कार्य नहुनु पर्ने हो तर भइसकेपछि मान्यता पाउँछ अर्थात what ought not to be done become valid when done। उपरोक्त सिद्धान्तको आधारमा पनि तत्कालीन प्रधान न्यायाधिश गोपाल पराजुलीबाट राष्ट्रपतिले ग्रहण गर्नुभएको शपथलाई अन्यथा भन्न मिलेन। **Factum Valet को आधारमा कुनै पदाधिकारीबाट कुनै काम कारवाही नहुनु पर्ने हो तर भएमा मान्यता पाउने भन्ने देखिन आयो। तर यसको अर्थ फेरी विवादित काम गर्दा वा कार्य हुँदा हुँदैको अवस्थामा गैरकानूनी देखिएको पनि वैधानिक हुने भन्ने होइन।** प्रधानन्यायाधीशको पदबाट अवकाश मिति २०७४ श्रावण २१ गते कायम गरी न्याय परिषदको सचिवको निर्णय

२०७४।११।३० मा भई सोही दिन पत्र वुझाएको र सोही दिनमै अपरान्ह ४ बजे राष्ट्रपतिको शपथको कार्यक्रम तय भइ शपथ सम्पन्न हुदासम्म अवकाश पत्र प्राप्त गरी अवकाश ग्रहण गरी सकेको भएको नदेखिएको अवस्थामा सम्पन्न शपथ ग्रहणको कार्यलाई अवैध भन्न सकिन्न। निवेदकले मिति २०७४।०४।२१ पश्चात मिति २०७४।११।३० सम्म भए गरेका सम्पूर्ण न्यायिक एवं प्रशासनिक काम कारवाही बदरको जिकीर निवेदनमा नलिई मिति २०७४।११।३० मा भएको राष्ट्रपतिको सपथ ग्रहणको कार्यलाई मात्रै बदरको माग लिई प्रस्तुत निवेदन दायर भएको हुँदा सो सम्म सीमित भइ निर्णय गरे पुग्ने देखिएकोले उपरोक्त बमोजिमको शपथको कार्यको मान्यता कायम रहने देखिएकोले अन्य बिषयमा प्रवेश गर्नुपर्ने देखिएन।

१६. अतः समग्रमा कुनै न्यायाधीश वा प्रधान न्यायाधीश उमेर हदका कारणले अवकास हुने भएमा न्यायपरिषद्ले निज अवकास हुनुभन्दा कम्तीमा साठी दिन अगावै सोको जानकारी सम्बन्धित न्यायाधीश र निकायलाई गराउनु पर्ने र त्यसरी जानकारी नदिएको भए पनि कुनै न्यायाधीश अवकास हुने उमेर पुगेपछि त्यस्तो पदबाट अवकास हुने भन्ने कानुनी व्यवस्था न्यायपरिषद् ऐन, २०७३ को दफा ३१ को उपदफा (१) र (९) मा रहेको छ। न्यायाधीशको वैयक्तिक अभिलेख राख्ने आधिकारिक निकाय न्यायपरिषद् सचिवालयले आफ्नो अभिलेखका आधारमा न्यायपरिषद् ऐन, २०७३ को दफा ३१ को उपदफा (७) बमोजिम तत्कालीन प्रधान न्यायाधीश श्री गोपाल पराजुलीको उमेर मिति २०७४।४।२१ मा पैसट्ठी वर्ष पूरा भइसकेको भन्ने च.नं.२२३, मिति २०७४।११।३० को पत्रबाट सम्बन्धित सरोकारवाला निकायहरुमा जानकारी गराएको भन्ने रिट निवेदन संलग्न पत्रबाट देखिन आएको छ। सोही दिन निज गोपाल पराजुलीले प्रधानन्यायाधीशको हैसियतले सम्माननीय राष्ट्रपतिलाई पद तथा गोपनीयताको सपथ खुवाएको र सम्माननीय राष्ट्रपतिबाट सपथ ग्रहण भएको अवस्था देखिन्छ। सो सपथ ग्रहण अघि नै तत्कालीन प्रधानन्यायाधीश पदमा नरहेको भन्ने जानकारी निज प्रधानन्यायाधीश श्री गोपाल पराजुली वा राष्ट्रपति कार्यालय लगायतका सम्बन्धित सरोकारवाला निकायहरुलाई भइसकेको भन्ने निवेदनमा स्पष्टतः दावी लिई खुलाउन सकेको देखिदैन। यसबाट प्रधान न्यायाधीश श्री गोपाल

पराजुली पदमा नरहेको भन्ने जानकारी प्राप्त गर्नु अगावै सम्माननीय राष्ट्रपतिको सपथ ग्रहणको कार्य सम्पन्न भइसकेको अवस्थामा सो सपथलाई संविधान विपरीत भनी लिइएको निवेदन जिकीर निराधार एवं तर्कहीन रहेको देखिंदा प्रस्तुत रिट निवेदन प्रथम दृष्टि (*prima facie*) मै स्वीकारयोग्य देखिन आएन। यस स्थितीमा विपक्षीहरूबाट लिखित जवाफ मगाउनु पर्ने अवस्थाको विद्यमानता रहेको नदेखिदा विपक्षीहरूबाट लिखित जवाफ मगाउनु परेन, प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनु।

न्यायाधीश

इजलास अधिकृत: शिवप्रसाद आचार्य

इति सम्वत् २०७५ साल वैशाख ४ गते रोज ३ शुभम् ------------------------------।